# प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन कसूर तथा सजाय निर्देशिका, २०७४

निर्वाचन आयोगबाट स्वीकृत मिति

२०७४।७।१५

प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ८० र प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ८० ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले देहायको निर्देशिका बनाई लागू गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस निर्देशिकाको नाम "प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन कसूर तथा सजाय निर्देशिका, २०७४" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "अदालत" भन्नाले निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा ४१ को उपदफा (३) बमोजिम तोकिएको सम्बन्धित जिल्ला अदालत सम्झनु पर्छ ।

(ख) "अनुगमनकर्ता" भन्नाले प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्यको निर्वाचनको काम कारबाही तथा आयोगले जारी गरेको निर्वाचन आचार संहिता पालना सम्बन्धमा अनुगमन गर्न आयोगले नियुक्त गरेको अनुगमनकर्ता सम्झनु पर्छ र सो शब्दले त्यसरी अनुगमन गर्न आयोगले गठन गरेको अनुगमन टोली वा अनुगमन समितिलाई समेत जनाउँछ ।

(ग) "अनुसन्धान अधिकारी" भन्नाले ऐनको दफा ३९ को उपदफा (१) बमोजिम तोकिएको अधिकारी सम्झनु पर्छ ।

(घ) "आयोग" भन्नाले संविधानको धारा २४५ बमोजिमको निर्वाचन आयोग सम्झनु पर्छ ।

(ङ) "उम्मेदवार" भन्नाले निर्वाचनका लागि उम्मेदवारको अन्तिम सूचीमा नाम समावेश भएको व्यक्ति सम्झनु पर्छ ।

(च) "ऐन" भन्नाले निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ सम्झनु पर्छ ।

(छ) "निर्वाचन" भन्नाले प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ र प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ बमोजिम हुने प्रतिनिधि सभा सदस्य पद र प्रदेश सभा सदस्य पदको निर्वाचन सम्झनु पर्छ र सो शब्दले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गतको निर्वाचनबाट निर्वाचित भएको सदस्यको पद रिक्त भएको अवस्थामा गरिने उपनिर्वाचनलाई समेत जनाउँछ ।

(ज) "निर्वाचन अधिकृत" भन्नाले प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ८ तथा प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को

दफा ८ बमोजिम नियुक्त भएको मुख्य निर्वाचन अधिकृत वा निर्वाचन अधिकृत सम्झनु पर्छ र सो शब्दले सहायक निर्वाचन अधिकृतलाई समेत जनाउँछ ।

(झ) "निर्वाचन प्रतिनिधि" भन्नाले निर्वाचन प्रयोजनका लागि उम्मेदवार वा राजनीतिक दलले तोकेको उम्मेदवार वा राजनीतिक दलको प्रतिनिधि सम्झनु पर्छ ।

(ञ) "मतदाता" भन्नाले मतदाता नामावली ऐन, २०७३ बमोजिम अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको व्यक्ति सम्झनु पर्छ ।

(ट) "मतदाता नामावली" भन्नाले मतदाता नामावली ऐन, २०७३ बमोजिम आयोगले तयार गरेको मतदाताको विवरण सहितको अन्तिम मतदाता नामावली सम्झनु पर्छ ।

(ठ) "मतपत्र" भन्नाले निर्वाचनमा मतदान गर्नको लागि व्यवस्था गरिएको मतपत्र सम्झनु पर्छ र सो शब्दले विद्युतीय उपकरणबाट मतदान हुने व्यवस्था भएकोमा त्यस्तो विद्युतीय उपकरणमा प्रयोग हुने मतपत्र वा उपकरणमा जडित डिजिटल मतपत्रलाई समेत जनाउँछ ।

(ड) "मतदाता परिचयपत्र" भन्नाले मतदाता नामावली ऐन, २०७३ बमोजिम मतदातालाई जारी गरिएको मतदाता परिचयपत्र सम्झनु पर्छ ।

(ढ) "मतदान अधिकृत" भन्नाले निर्वाचन प्रयोजनको नियुक्त भएको मतदान अधिकृत सम्झनु पर्छ र सो शब्दले सहायक मतदान अधिकृतलाई समेत जनाउँछ ।

(ण) "मतदान केन्द्र" भन्नाले निर्वाचनमा मतदान गर्ने प्रयोजनको स्थापना गरिएको मतदान केन्द्र सम्झनु पर्छ र सो शब्दले मतदान उपकेन्द्रलाई समेत जनाउँछ ।

(त) "मतपेटिका" भन्नाले मत सङ्केत गरेको मतपत्र राख्नका लागि आयोगले व्यवस्था गरेको मतपेटिका सम्झनु पर्छ र सो शब्दले विद्युतीय उपकरणबाट मतदान गरेकोमा त्यसरी मतदान गरेको मत संङ्केतलाई अभिलेख गर्ने विद्युतीय उपकरणलाई समेत जनाउँछ ।

(थ) "राजनीतिक दल" भन्नाले निर्वाचन प्रयोजनको लागि राजनीतिक दल सम्बन्धी ऐन, २०७३ बमोजिम आयोगमा दर्ता भएको राजनीतिक दल सम्झनु पर्छ ।

(द) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

३. <u>**निर्वाचन सम्बन्धी लिखत तथा निर्वाचन सामग्री सम्बन्धी कसूरमा हुने सजाय**</u> : कसैले निर्वाचन सम्बन्धी लिखत तथा निर्वाचन सामग्री सम्बन्धी देहायको कसूर गरेमा देहायको अधिकारीले देहाय बमोजिम सजाय गर्न सक्नेछ :-

निर्वाचन आयोग, नेपाल

| क्र.सं | कसूरको विवरण | सजायको विवरण | सजाय गर्ने अधिकारी |
|---|---|---|---|
| १. | निर्वाचनमा उम्मेदवारी दिँदा ऐनको दफा ३ को उपदफा (१) विपरीत झुट्टा विवरण वा कागजात संलग्न गरी मनोनयन पत्र पेश गरेमा । | पच्चीस हजार रुपैयाँसम्म जरिबाना | निर्वाचन अधिकृत |
| २ | ऐनको दफा ४ को उपदफा (१) विपरीत निर्वाचनमा प्रयोग गरिने वा प्रयोग गरिएको मतपत्र, मतपेटिका वा अन्य सामग्री खोसेमा, लुटेमा, चोरेमा, कब्जामा लिएमा, खोलेमा, नष्ट गरेमा वा निर्वाचनमा प्रयोग हुन नदिन कुनै किसिमले रोकावट वा हस्तक्षेप गरेमा वा गराएमा । | एक लाख रुपैयाँसम्म जरिबाना वा दुई वर्षसम्म कैद वा दुवै सजाय | सम्बन्धित अदालत |
| ३. | ऐनको दफा ४ को उपदफा (२) विपरीत मतदातालाई मतदान गर्नबाट वञ्चित गर्ने उद्देश्यले मतदाता परिचयपत्र कब्जा गरी राखेमा, बिगारेमा वा खरिद गरेमा । | पच्चीस हजार रुपैयाँसम्म जरिबाना वा छ महिनासम्म कैद वा दुबै सजाय | सम्बन्धित अदालत |
| ४. | ऐनको दफा ४ को उपदफा (३) विपरीत मतदान अधिकृतको स्वीकृति बिना निर्वाचनमा प्रयोग गरिने वा गरिएको मतपत्र, मतपेटिका वा अन्य सामग्री निर्वाचनमा प्रयोग हुन नदिन मतदान केन्द्रबाट बाहिर वा अन्यत्र कतै लगेमा । | पच्चीस हजार रुपैयाँसम्म जरिबाना | निर्वाचन अधिकृत/ मतदान अधिकृत/ अनुगमनकर्ता |
| ५. | ऐनको दफा ४ को उपदफा (४) विपरीत निर्वाचनमा संलग्न कर्मचारीले टाँसेको वा टाँस्न लगाएको निर्वाचन सम्बन्धी कुनै विवरण, सूचना, सूची वा अन्य कुनै कागजातमा कुनै व्यहोरा थपेमा, केरमेट गरेमा, सच्याएमा वा हटाएमा वा त्यस्तो कागजात च्यातेमा वा कुनै किसिमले बिगारेमा, नोक्सान गरेमा, नष्ट गरेमा वा गराएमा । | पच्चीस हजार रुपैयाँसम्म जरिबाना | निर्वाचन अधिकृत/ मतदान अधिकृत/ अनुगमनकर्ता |
| ६. | ऐनको दफा ५ को,-<br>(१) उपदफा (१) विपरीत मतपत्र नष्ट गरेमा, मतपत्रमा लागेको निर्वाचन अधिकृत वा मतदान | एक लाख रुपैयाँसम्म जरिबाना वा दुई वर्षसम्म कैद वा दुवै सजाय | सम्बन्धित जिल्ला अदालत |

| | | | |
|---|---|---|---|
| | अधिकृतको सही वा छाप वा मतपत्रमा अङ्कित कुनै चिन्ह वा सङ्केत मेटेमा, केरेमा, सच्याएमा, किर्ते गरेमा, बिगारेमा वा नष्ट गरेमा वा अन्य कुनै किसिमले मतपत्र नोक्सान पुऱ्याएमा वा दुरुपयोग गरे वा गराएमा,<br>(२) उपदफा (२) विपरीत नक्कली मतपत्र तयार गरेमा वा त्यस्तो मतपत्र ओसारपसार गरेमा,<br>(३) उपदफा (३) विपरीत मतपत्र खरिद बिक्री गरेमा । | | |
| ७. | ऐनको दफा ५ को उपदफा (४) विपरीत आधिकारिक छाप वा चिन्ह लागेको मतपत्र मतदान नगरी आफूसँग राखेमा वा मतदान केन्द्र बाहिर लगेमा । | पच्चीस हजार रुपैयाँसम्म जरिबाना | मतदान अधिकृत |
| ८. | ऐनको दफा ६ को,-<br>(१) उपदफा (१) विपरीत निर्वाचन अधिकृत वा मतपत्र जिम्मा लिने कर्मचारीले नगद, जिन्सी, सेवा वा अन्य कुनै प्रकारको लाभ लिई वा नलिई वा लिन मञ्जुर गरी वा नगरी त्यस्तो मतपत्र मतदाता बाहेक अन्य व्यक्तिलाई दिएमा,<br>(२) उपदफा (२) विपरीत नगद, जिन्सी, सेवा दिई वा दिन मञ्जुर गरी वा कुनै किसिमको लोभ देखाई वा कुनै किसिमको डर, त्रास, धाक वा धम्की दिई वा कुनै किसिमको बल प्रयोग गरी वा नगरी गैरकानूनी तवरले मतदान गर्नको लागि कसैबाट मतपत्र प्राप्त गरे वा गराएमा । | एकलाख रुपैयाँसम्म जरिबाना वा दुई वर्षसम्म कैद वा दुवै सजाय | सम्बन्धित जिल्ला अदालत |

४. **<u>मतदान तथा मतगणना सम्बन्धी कसूरमा हुने सजाय</u>** : कसैले मतदान तथा मतगणना सम्बन्धी देहायको कसूर गरेमा देहायको अधिकारीले देहाय बमोजिम सजाय गर्न सक्नेछ :-

| क्र. सं | कसूरको विवरण | सजायको विवरण | सजाय गर्ने अधिकारी |
|---|---|---|---|
| १. | ऐनको दफा ७ को,- | पच्चीस हजार | मतदान अधिकृत |

निर्वाचन आयोग, नेपाल

| | | | |
|---|---|---|---|
| | (१) उपदफा (१) विपरीत मत दिन पाउने अधिकार बिना निर्वाचनमा मतदान गरेमा,<br>(२) उपदफा (२) विपरीत अर्को मतदाताको नामको मतपत्र बुझिलिएमा वा अर्काको नामबाट मतदान गरेमा । | रुपैयाँसम्म जरिबाना | |
| २. | ऐनको दफा ८ विपरीत एउटै निर्वाचनमा एकभन्दा बढी पटक मतदान गरेमा । | पच्चीस हजार रुपैयाँसम्म जरिबाना | मतदान अधिकृत |
| ३. | ऐनको दफा ९ विपरीत मतपत्रमा मत सङ्केत गरी सकेपछि त्यस्तो मतपत्र कसैलाई देखाएमा, प्रदर्शन गरेमा, गोप्य मत सङ्केत स्थलमा मत सङ्केत नगरी त्यसभन्दा बाहिर गई मत सङ्केत गरेमा वा मत सङ्केत गरेको व्यहोरा कुनै प्रकारले सार्वजनिक गरेमा । | पन्ध्र हजार रुपैयाँसम्म जरिबाना | मतदान अधिकृत |
| ४. | ऐनको दफा १० विपरीत मतदान गर्दा मतदान सम्बन्धी प्रचलित सङ्घीय कानून वा आयोगले तोकेको प्रक्रिया उल्लङ्घन गरेमा । | पन्ध्र हजार रुपैयाँसम्म जरिबाना | मतदान अधिकृत |
| ५. | ऐनको दफा ११ विपरीत मतपत्र बाहेक अन्य कुनै वस्तु मतपेटिकाभित्र खसाले वा राखेमा । | पन्ध्र हजार रुपैयाँसम्म जरिबाना | मतदान अधिकृत |
| ६. | ऐनको दफा १२ विपरीत मतदाताले मतदान गरी मतपेटिकाभित्र खसालेको मतपत्र बिगारेमा वा नष्ट गरेमा वा मतपत्र बिगार्ने वा नष्ट गराउने कुनै वस्तु वा पदार्थ मतपेटिकाभित्र खसालेमा वा राखेमा वा विद्युतीय उपकरण वा माध्यमद्वारा मत सङ्केत गरिएको अवस्थामा त्यस्तो मतपत्र वा मत सङ्केतलाई निकाल्न वा प्रभाव पार्न सक्ने गरी कुनै संयन्त्र, उपकरण वा विद्युतीय माध्यम बनाएमा वा त्यसको प्रयोग गरेमा वा त्यस्तो संयन्त्र वा | एक लाख रुपैयाँसम्म जरिबाना वा दुई वर्षसम्म कैद वा दुवै सजाय | सम्बन्धित जिल्ला अदालत |

निर्वाचन आयोग, नेपाल

| | | | |
|---|---|---|---|
| | उपकरण अन्य कसैलाई दिएमा । | | |
| ७. | ऐनको दफा १३ विपरीत हुने गरी मतदातालाई मतदान स्थलमा प्रवेश गर्न नदिन गौँडा वा बाटो छेकेमा वा मतदान केन्द्रमा मतदान गर्न कुनै किसिमले बाधा अवरोध गरे वा गराएमा । | पच्चीस हजार रुपैयाँसम्म जरिबाना | मतदान अधिकृत/अनुगमनकर्ता |
| ८. | ऐनको दफा १४ विपरीत गैर नेपाली नागरिकले निर्वाचनमा मतदान गरेमा । | एक लाख रुपैयाँसम्म जरिबाना वा एक वर्षसम्म कैद वा दुवै सजाय | सम्बन्धित जिल्ला अदालत |
| ९. | ऐनको दफा १५ विपरीत उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधि वा आयोगबाट अनुमति प्राप्त व्यक्ति बाहेक अन्य कुनै पनि व्यक्ति मतगणना स्थलमा प्रवेश गरेमा । | पन्ध्र हजार रुपैयाँसम्म जरिबाना | निर्वाचन अधिकृत/अनुगमनकर्ता |
| १०. | ऐनको दफा १६ विपरीत मतगणना भइरहेको अवस्थामा मतपेटिका वा मतपत्र वा निर्वाचन सम्बन्धी अन्य कुनै पनि कागजपत्र बल प्रयोग गरी वा नगरी खोसेमा, लुटेमा, बिगारेमा वा कुनै किसिमले नोक्सान गरेमा वा निर्वाचन अधिकृतको अनुमति बिना मतगणना स्थलबाट अन्यत्र लगेमा । | एक लाख रुपैयाँसम्म जरिबाना वा दुई वर्षसम्म कैद वा दुवै सजाय | सम्बन्धित जिल्ला अदालत |
| ११. | ऐनको दफा १७ विपरीत निर्वाचन अधिकृत वा मतगणनामा संलग्न कुनै कर्मचारीले कुनै मत सदर मत हो भन्ने विश्वास गर्न सकिने मनासिब आधार र कारण हुँदाहुँदै त्यस्तो मत गणना नगरेमा वा कुनै मत सदर मत होईन भनी विश्वास गर्न सकिने मनासिब आधार र कारण हुँदाहुँदै त्यस्तो मत गणना गरेमा । | सेवा शर्त सम्बन्धी कानून बमोजिम कारबाही | आयोग आफैं वा अख्तियारवाला |
| १२. | ऐनको दफा १८ विपरीत सुरक्षाको काममा खटिएका सुरक्षाकर्मीले | दुई लाख रुपैयाँसम्म जरिबाना वा तीन | अदालत |

निर्वाचन आयोग, नेपाल

| | | | |
|---|---|---|---|
| | कानून बमोजिम लिन पाउने हातहतियार बाहेक अन्य कुनै पनि व्यक्तिले मतदान केन्द्र वा मतगणना स्थल र त्यसको वरिपरी कुनै प्रकारको विष्फोटक पदार्थ वा रसायनिक वा विषालु पदार्थ वा लाठी, भाला, खुकुरी, बन्दुक, पेस्तोल वा त्यस्तै प्रकारका अन्य हातहतियार लिएर हिँडेमा, प्रदर्शन गरेमा, प्रयोग गरे वा गराएमा । | वर्षसम्म कैद वा दुवै सजाय | |
| १३ | ऐनको दफा १९ विपरीत मतदान प्रारम्भ हुनुभन्दा तीन घण्टा अघिदेखि मतदान कार्य समाप्त नभएसम्म कसैले पनि मतदाता वा मतदान केन्द्रमा मतदानको काममा संलग्न व्यक्ति वा कर्मचारीलाई बाधा हुने गरी मतदान केन्द्र रहेको घर, भवन वा ठाउँ र मतदानलाई असर पर्ने गरी त्यसको वरिपरीको कुनै निजी वा सार्वजनिक घर, भवन वा जग्गामा साउण्ड सिस्टम, एसएमएस, सामाजिक सञ्जाल वा यस्तै कुनै साधन प्रयोग गर्न वा बाजा, नाचगान, सार्वजनिक भोज, जुलुस प्रदर्शन वा जुनसुकै किसिमको सभा वा समारोह गरेमा वा हुलहुज्जत वा होहल्ला गरी शान्ति भङ्ग गरेमा वा भय, त्रास सिर्जना गरेमा वा निर्वाचनको वातावरण बिथोल्ने कार्य गरी भय त्रास सिर्जना गरे वा गराएमा । | पचास हजार रुपैयाँसम्म जरिबाना | मतदान अधिकृत/ अनुगमनकर्ता |

५. **<u>निर्वाचनमा प्रभाव पारेमा हुने सजाय</u>** : कसैले निर्वाचनमा प्रभाव पार्ने सम्बन्धी देहायको कसूर गरेमा देहायको अधिकारीले देहाय बमोजिम सजाय गर्न सक्नेछ :-

| क्र. सं | कसूरको विवरण | सजायको विवरण | सजाय गर्ने अधिकारी |
|---|---|---|---|
| १. | ऐनको दफा २० को उपदफा (१) विपरीत निर्वाचनको सिलसिलामा | | |



निर्वाचन आयोग, नेपाल

| | | | |
|---|---|---|---|
| | उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा अन्य कुनै व्यक्तिले देहायका कुनै काम गरी निर्वाचनमा कुनै उम्मेदवार वा मतदाता वा निजहरुमध्ये कसैको सरोकार वा स्वार्थ भएको कुनै व्यक्ति वा निर्वाचन अधिकृत वा निर्वाचनमा संलग्न कर्मचारीलाई देहायको कुनै काम गरी कुनै किसिमको प्रभाव पारेमा,-<br>(क)कुनै पनि व्यक्तिलाई निर्वाचनमा उम्मेदवारी दिन वा निर्वाचन सम्बन्धी प्रचलित सङ्घीय कानून बमोजिम निर्वाचनको प्रचार प्रसार गर्न वा मतदानको अधिकार प्रयोग गर्नबाट वञ्चित गर्ने उद्देश्यले बाधा अवरोध पुऱ्याएमा वा पुऱ्याउन लगाएमा वा थुनछेक गरे वा गराएमा,<br>(ख) कुनै पनि किसिमको हातहतियार वा विस्फोटक पदार्थ प्रदर्शन वा प्रयोग गरेमा,<br>(ग) कुनै किसिमको क्षति पुऱ्याएमा,<br>(घ) धाक, धम्की वा डर त्रास देखाएमा,<br>(ङ) सामाजिक प्रतिष्ठामा आघात पुऱ्याएमा, सामाजिक बहिष्कार गरेमा वा सामाजिक बहिष्कार गर्न धम्की दिएमा,<br>(च) कुनै किसिमले लोभ लालच देखाएमा वा आर्थिक प्रलोभन देखाएमा,<br>(छ) धर्म भकाएमा वा प्रतिज्ञा गराएमा। | खण्ड (क) वा (ख) विपरीतको कार्य गरेमा दुई लाख रुपैयाँसम्म जरिबाना वा तीन वर्षसम्म कैद वा दुवै सजाय<br><br>खण्ड (ग), (घ), (ङ), (च) र (छ) विपरीतको कार्य गरेमा एक लाख रुपैयाँसम्म जरिबाना वा दुई वर्षसम्म कैद वा दुवै सजाय | सम्बन्धित जिल्ला अदालत<br><br>सम्बन्धित जिल्ला अदालत |
| २. | ऐनको दफा २० को उपदफा (२) विपरीत निर्वाचन अधिकृत, मतदान अधिकृत वा निर्वाचनको काममा संलग्न कर्मचारी, पदाधिकारी, अनुगमनकर्ता वा सुरक्षाकर्मी वा आयोगले खटाएको पर्यवेक्षक वा सञ्चारकर्मी वा कुनै | एकलाख रुपैयाँसम्म जरिबाना वा दुई वर्षसम्म कैद वा दुवै सजाय | सम्बन्धित जिल्ला अदालत |

निर्वाचन आयोग, नेपाल

| | | | |
|---|---|---|---|
| | संस्थाले निर्वाचनको कुनै काम गर्दा कानून बमोजिम कुनै उम्मेदवारले आफ्नो मत दिन बाहेक निर्वाचनमा कुनै उम्मेदवारको पक्ष वा विपक्षमा कुनै किसिमको काम गरे वा गराएमा । | | |
| ३. | ऐनको दफा २१ को उपदफा (१) विपरीत उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा अन्य कुनै व्यक्तिले निर्वाचनको मिति घोषणा भएपछि कुनै मतदातालाई निजको मतदानको अधिकार प्रयोग गर्न वा नगर्नको लागि वा मतदानको अधिकार प्रयोग गरे वा नगरे बापत उपहार, पुरस्कार, इनाम, दानदातव्य वा बकसको रुपमा नगद वा जिन्सी दिएमा वा दिन मञ्जुर गरेमा वा सार्वजनिक भोज आयोजना गरेमा र मतदाताले पनि त्यस्तो प्रयोजनको लागि त्यस्तो नगद वा जिन्सी लिन वा लिन मञ्जुर गरेमा र सार्वजनिक भोजमा सहभागी भएमा । | पचास हजार रुपैयाँसम्म जरिबाना वा एक वर्षसम्म कैद वा दुवै सजाय | सम्बन्धित जिल्ला अदालत |

६. **<u>निर्वाचन प्रचार प्रसार सम्बन्धी कसूरमा हुने सजाय</u>** : कसैले निर्वाचन प्रचार प्रसार सम्बन्धी देहायको कसूर गरेमा देहायको अधिकारीले देहाय बमोजिम सजाय गर्न सक्नेछ :-

| क.सं | कसूरको विवरण | सजायको विवरण | सजाय गर्ने अधिकारी |
|---|---|---|---|
| १ | ऐनको दफा २२ विपरीत उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा अन्य कुनै व्यक्तिले राजनीतिक दल वा उम्मेदवारको नीति तथा कार्यक्रमका सम्बन्धमा प्रचार प्रसार गर्दा गराउँदा देहायको कुनै उद्देश्यले प्रचार प्रसार गरे वा गराएमा :-<br>(क)नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानमा आँच पुऱ्याउने वा खलल पार्ने,<br>(ख)जनतामा निहित सार्वभौमसत्ता र | दुई लाख रुपैयाँसम्म जरिबाना वा तीन वर्षसम्म कैद वा दुवै सजाय | सम्बन्धित जिल्ला अदालत |

निर्वाचन आयोग, नेपाल

| | | | |
|---|---|---|---|
| | राजकीय सत्ता वा प्रतिस्पर्धात्मक बहुदलीय सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामा आँच पुऱ्याउने वा खलल पार्ने,<br>(ग)कुनै धर्म, जात जाति, वर्ग, क्षेत्र वा सम्प्रदायबीचको सुसम्बन्धमा खलल पुऱ्याउने वा हिंसात्मक कार्य गर्न दुरुत्साहन गर्ने वा भाषा, धर्म, समुदाय वा क्षेत्रीयताको आधारमा घृणा वा द्वेष उत्पन्न गर्ने । | | |
| २ | ऐनको दफा २३ को उपदफा (१) विपरीत उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा अन्य कुनै व्यक्तिले निर्वाचनको नतिजामा प्रभाव पार्नका लागि कुनै उम्मेदवार वा निजको परिवारको सदस्यको कुनै पनि किसिमले चरित्र हनन गरे वा गराएमा । | पचास हजार रुपैयाँसम्म जरिबाना वा एक वर्षसम्म कैद वा दुवै सजाय | सम्बन्धित जिल्ला अदालत |
| ३ | ऐनको दफा २४ को,-<br>(१)उपदफा (१) विपरीत निर्वाचनको प्रचार प्रसार गर्ने उद्देश्यले आयोगले तोकेको आकार र रङ्गको सामान्य पर्चा वितरण गर्न बाहेक कुनै प्रकारको पोष्टर, भित्ते लेखन, तुल, ब्यानर, डिजिटल डिस्प्ले छापेमा छपाएमा वा प्रयोग गरे वा गराएमा,<br>(२) उपदफा (२) विपरीत निर्वाचन सम्बन्धी प्रचार प्रसारको लागि कुनै पनि धार्मिक, पुरातात्विक, ऐतिहासिक, सरकारी, सार्वजनिक वा निजी भवन, स्मारक, पर्खाल वा बनोटमा कुनै पर्चा टाँसेमा वा टाँस्न लगाएमा वा लेखेमा वा लेख्न लगाएमा,<br>(३) उपदफा (३) विपरीत निर्वाचन सम्बन्धी प्रचार प्रसारको लागि पर्चा तयार गर्दा मुद्रण गर्ने छापाखानाको तथा मुद्रण गर्न | पच्चीस हजार रुपैयाँसम्म जरिबाना | आयोग/निर्वाचन अधिकृत/अनुगमनकर्ता |

निर्वाचन आयोग, नेपाल

| | | | |
|---|---|---|---|
| | लगाउने राजनीतिक दल वा व्यक्तिको नाम र ठेगाना उल्लेख नगरी तयार गरेमा,<br>(४)उपदफा(४) विपरीत निर्वाचनको प्रचार प्रसार गर्ने उद्देश्यले गरिने सभा वा भेलामा वा त्यस्तो सभा वा भेलाको लागि सूचना प्रवाह गर्ने प्रयोजनका लागि बाहेक अन्यत्र साउण्ड सिस्टमको प्रयोग गरेमा,<br>(५) उपदफा (५) विपरीत मतदान हुने दिनभन्दा अठ्चालीस घण्टा अघिदेखि मतगणनाको काम पूरा नभएसम्म कुनै उम्मेदवार वा राजनीतिक दलको पक्ष वा विपक्षमा मतदान गर्ने वा नगर्ने उद्देश्यले सभा बोलाएमा वा आयोजना गरेमा, जुलुस निकालेमा वा नाराबाजी गरेमा तथा अन्य कुनै पनि प्रकारले प्रचार प्रसार गरे वा गराएमा,<br>(६) उपदफा (६) विपरीत उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा अन्य कुनै व्यक्तिले आयोगको मर्यादामा प्रतिकूल असर पुग्ने गरी प्रचार प्रसार गरेमा । | | |
| ४. | ऐनको दफा २४ को उपदफा (१) वा (२) विपरीत राजनीतिक दल, उम्मेदवार, निर्वाचन प्रतिनिधि वा अन्य कुनै व्यक्तिले पर्चा, पोष्टर, भित्ते लेखन, तुल, ब्यानर, डिजिटल डिस्प्ले प्रयोग गरे वा गराएकोमा सम्बन्धित अधिकारीले त्यस्तो पर्चा, पोष्टर, भित्ते लेखन, तुल, ब्यानर, डिजिटल डिस्प्ले जफत गरी त्यस्तो पर्चा, पोष्टर, भित्ते लेखन, तुल, ब्यानर, डिजिटल डिस्प्ले प्रयोग गरेको स्थानलाई दुरुस्त बनाई राख्न आदेश दिएकोमा त्यस्तो आदेशको पालना नगरेमा । | ऐनको दफा २४ को उपदफा (७) बमोजिमको जरिबाना (पच्चीस हजार रुपैयाँसम्म) मा थप पच्चीस हजार रुपैँयासम्म जरिबाना | आयोग/निर्वाचन अधिकृत/अनुगमनकर्ता |
| ५. | ऐनको दफा २५ को,- | पच्चीस हजार | आयोग/ निर्वाचन |

निर्वाचन आयोग, नेपाल

| | | | |
|---|---|---|---|
| | (१)उपदफा (१) विपरीत निर्वाचनको प्रचार प्रसारको सिलसिलामा कुनै राजनीतिक दल वा उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा अन्य कुनै व्यक्तिले आयोगले तोकेको सङ्ख्याभन्दा बढी र आयोग वा निर्वाचन अधिकृतले अनुमति दिएको बाहेक अन्य सवारी साधन प्रयोग गरे वा गराएमा, (२) उपदफा (२) विपरीत निर्वाचनको प्रचार प्रसारको सिलसिलामा कुनै राजनीतिक दल वा उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा अन्य कुनै व्यक्तिले नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व भएको संस्था वा कुनै शिक्षण संस्था वा गैरसरकारी संस्थाको सवारी साधन प्रयोग गरे वा गराएमा, (३) उपदफा (३) विपरीत कुनै पनि राजनीतिक दल वा उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा अन्य कुनै व्यक्तिले निर्वाचन प्रचार प्रसारको सिलसिलामा कुनै सवारी साधनको प्रयोग गरी र्‍याली गरे वा गराएमा । | रुपैयाँसम्म जरिबाना र त्यस्तो सवारी साधन निर्वाचन अवधिभर कब्जामा लिने | अधिकृत/ अनुगमनकर्ता |
| ६. | दफा २५ को उपदफा (२) विपरीत निर्वाचनको प्रचार प्रसारको सिलसिलामा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व भएको संस्था वा कुनै शिक्षण संस्था वा गैरसरकारी संस्थाको सवारी साधन कुनै राजनीतिक दल वा उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा अन्य कुनै व्यक्तिलाई प्रयोग गर्न दिएमा । | विभागीय कारबाही | आयोग आफै वा अख्तियारवाला |
| ७. | ऐनको दफा २६ को उपदफा (१) विपरीत निर्वाचनको प्रचार प्रसारको सिलसिलामा कुनै राजनीतिक दल | पचास हजार रुपैयाँसम्म जरिबाना | आयोग |

निर्वाचन आयोग, नेपाल

| | | | |
|---|---|---|---|
| | वा उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा सार्वजनिक पद धारण गरेका व्यक्ति वा अन्य कुनै व्यक्तिले सरकारी कर्मचारी तथा सार्वजनिक सम्पत्तिको प्रयोग गरे वा गराएमा । | | |
| ८. | ऐनको दफा २६ को उपदफा (१) विपरीत कुनै अधिकारीले नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व भएको संस्थाको सम्पत्ति निर्वाचन प्रचार प्रसारको लागि प्रयोग गर्न दिएमा । | विभागीय कारबाही | आयोग आफै वा अख्तियारवाला |

७. **<u>निर्वाचन प्रचार प्रसारको आय-व्यय सम्बन्धी कसूरमा हुने सजाय</u>** : कसैले निर्वाचन प्रचार प्रसारको आय-व्यय सम्बन्धी देहायको कसूर गरेमा देहायको अधिकारीले देहाय बमोजिम सजाय गर्न सक्नेछ :-

| क्र. सं | कसूरको विवरण | सजायको विवरण | सजाय गर्ने अधिकारी |
|---|---|---|---|
| १. | ऐनको दफा २७ को,-<br>(१) उपदफा (१) विपरीत कुनै राजनीतिक दल, उम्मेदवार वा निर्वाचन प्रतिनिधिले निर्वाचन प्रचार प्रसारमा प्रचलित सङ्घीय कानून विपरीत हुने गरी सरकारी वा सार्वजनिक निकाय वा गैरसरकारी संघ संस्थाबाट कुनै पनि प्रकारको आर्थिक सहयोग लिएमा वा गैरसरकारी संस्थाले त्यस्तो आर्थिक सहयोग दिएमा, | एकलाख रुपैयाँसम्म जरिबाना | आयोग |
| | (२) उपदफा (१) विपरीत सरकारी वा सार्वजनिक निकायको सम्बन्धित अधिकारीले निर्वाचन प्रचार प्रसारको लागि आर्थिक सहयोग दिएमा । | विभागीय सजाय | आयोग आफै वा अख्तियारवाला |
| | (३) उपदफा (१) विपरीत राजनीतिक दल, उम्मेदवार वा व्यक्तिले सरकारी वा सार्वजनिक निकाय वा गैरसरकारी संघ संस्थाबाट कुनै पनि प्रकारको आर्थिक सहयोग लिने राजनीतिक | त्यस्तो रकम सरकारी बाँकी सरह असूल उपर गरी त्यस्तो राजनीतिक दल, उम्मेदवार वा व्यक्तिलाई सोही बराबरको रकम जरिबाना | आयोग |

निर्वाचन आयोग, नेपाल

| | | | |
|---|---|---|---|
| | दल, उम्मेदवार वा निर्वाचन प्रतिनिधिलाई त्यस्तो रकम फिर्ता गर्न आयोगले दिएको आदेश पालना नगरेमा । | | |
| २. | ऐनको दफा २८ विपरीत राजनीतिक दल वा उम्मेदवारले आफ्नो निर्वाचन प्रतिनिधि मार्फत खर्च गर्ने बाहेक निर्वाचन प्रचार प्रसारमा खर्च गर्दा अन्य व्यक्तिलाई खर्च गर्न लगाएमा । | पच्चीस हजार रुपैयाँसम्म जरिबाना | आयोग/ निर्वाचन अधिकृत |
| ३. | ऐनको दफा २९ विपरीत राजनीतिक दल वा उम्मेदवारले निर्वाचन प्रचार प्रसारमा निर्वाचन सम्बन्धी प्रचलित सङ्घीय कानून बमोजिम तोकिएको निर्वाचन खर्चको हदभन्दा बढी खर्च गरे वा गराएमा । | त्यसरी भएको खर्च बराबरको रकम जरिबाना | आयोग |
| ४. | ऐनको दफा ३० विपरीत कुनै राजनीतिक दल वा उम्मेदवारले निर्वाचन प्रचार प्रसार अभियानमा ऐन वा निर्वाचन सम्बन्धी प्रचलित सङ्घीय कानून वा निर्वाचन आचार संहिताले निषेध गरेको काम कारबाही गर्न वा गराउनका लागि कुनै प्रकारले आर्थिक सहयोग लिएमा वा त्यस्तो काम कारबाहीको लागि खर्च गरे वा गराएमा । | त्यसरी गरेको आम्दानी वा खर्च बराबरको रकम जरिबाना तथा त्यस्तो जरिबाना छ महिनासम्म नबुझाउने उम्मेदवारलाई तत्कालैदेखि लागू हुने गरी बढीमा छ वर्षसम्म कुनै पनि निर्वाचनमा उम्मेदवार हुन अयोग्य घोषित गर्न सक्ने | आयोग |
| ५. | ऐनको दफा ३१ को,-<br>(१) उपदफा (१) बमोजिम राजनीतिक दल वा उम्मेदवारले निर्वाचन प्रचार प्रसारमा भएको आम्दानी र खर्चको विवरण आयोगले तोकेको कार्यालयमा नबुझाएमा । | प्रचलित सङ्घीय कानून बमोजिम जरिबाना गर्ने | आयोग |
| | (२) उपदफा (२) बमोजिम राजनीतिक दल वा उम्मेदवारले निर्वाचन प्रचार प्रसारमा भएको आम्दानी र खर्चको विवरण आयोगले तोके बमोजिम सार्वजनिक | पन्ध्र हजार रुपैयाँसम्म जरिबाना गरी मनासिब समय तोकी त्यस्तो विवरण सार्वजनिक गर्ने आदेश दिन सक्ने | आयोग |

| | | | |
|---|---|---|---|
| | नगरेमा । | | |
| | (३) उपदफा (४) बमोजिमको समयभित्र निर्वाचन खर्चको विवरण सार्वजनिक नगर्ने राजनीतिक दल वा उम्मेदवारले आयोगले मनासिब समय तोकी त्यस्तो विवरण सार्वजनिक गर्न दिएको आदेश पालना नगरेमा, | पटकै पिच्छे पन्ध्र हजार रुपैयाँ जरिबाना | आयोग |

८. **<u>अन्य कसूर गरेमा हुने सजाय</u>** : कसैले निर्वाचन सम्बन्धी देहायको कसूर गरेमा देहायको अधिकारीले देहाय बमोजिम सजाय गर्न सक्नेछ :-

| क्र.सं. | कसूरको विवरण | सजायको विवरण | सजाय गर्ने अधिकारी |
|---|---|---|---|
| १ | ऐनको दफा ३२ विपरीत निर्वाचन अधिकृत, मतदान अधिकृत वा निर्वाचनमा संलग्न कर्मचारीले कुनै लिखत, कागजात, अभिलेख वा विवरण झुट्टा हो भन्ने मनासिब आधार र कारण हुँदाहुँदै त्यस्तो लिखत, कागजात वा अभिलेखलाई कानून बमोजिमको प्रयोजनका लागि मान्यता दिएमा । | निजको सेवा शर्त सम्बन्धी कानून बमोजिम कारबाही हुने | आयोग आफैं वा अख्तिवारवाला |
| २ | ऐनको दफा ३३ विपरीत निर्वाचन अधिकृत, मतदान अधिकृत वा निर्वाचनमा संलग्न कर्मचारी वा सुरक्षाकर्मी वा आयोगबाट खटाइएको अनुगमनकर्ता आफ्नो पदीय जिम्मेवारीबाट पन्छिएमा । | निजको सेवा शर्त सम्बन्धी कानून बमोजिम कारबाही हुने | आयोग आफैं वा अख्तिवारवाला |
| ३. | ऐनको दफा ३४ को,-<br>(१) उपदफा (१) विपरीत निर्वाचन अधिकृत, मतदान अधिकृत, निर्वाचनमा संलग्न कर्मचारी, अनुगमनकर्ता, सुरक्षाकर्मी र कानून बमोजिम निर्वाचनको कुनै काममा खटिएको, प्रतिनिधित्व गरिरहेको वा सघाउ पुऱ्याइरहेको कुनै व्यक्तिले निर्वाचनको कामको सन्दर्भमा आफूलाई प्राप्त जानकारी कानून बमोजिमको अवस्थामा बाहेक अन्य | निर्वाचन अधिकृत, मतदान अधिकृत, निर्वाचनमा संलग्न कर्मचारी वा सुरक्षाकर्मीको हकमा विभागीय कारबाही र अन्य व्यक्तिको हकमा पच्चीस हजार रुपैयाँसम्म जरिबाना | विभागीय कारबाहीको हकमा आयोग आफैं वा अख्तिवारवाला र जरिबानाको हकमा आयोग/निर्वाचन अधिकृत/मतदान अधिकृत |

निर्वाचन आयोग,नेपाल

| | | | |
|---|---|---|---|
| | कुनै व्यक्तिलाई दिएमा, अभिव्यक्त गरेमा वा प्रकट गरेमा,<br><br>(२) उपदफा (२) विपरीत निर्वाचन अधिकृत, मतदान अधिकृत, निर्वाचनमा संलग्न कर्मचारी वा सुरक्षाकर्मी, अनुगमनकर्ता वा आयोगले निर्वाचनमा खटाएको पर्यवेक्षक वा उम्मेदवार वा निजको कुनै प्रतिनिधि वा मतदाता वा अन्य व्यक्तिले कुनै मतदाताले मत दिएको वा नदिएको वा कुनै उम्मेदवारलाई मत दिएको वा कसले कति मत पाएको वा मतपत्रमा मतदाता चिनिने गरी कुनै पनि किसिमको सङ्केत वा चिन्ह रहेको वा अन्य कुनै कुराहरु कसैलाई भनी, लेखी वा कुनै किसिमले प्रकाशन गरी प्रकट गरेमा वा गराएमा । | | |
| ४. | ऐनको दफा ३५ विपरीत निर्वाचन सम्बन्धी कार्यमा प्रतिकूल असर पर्ने अन्य कुनै किसिमको कार्य गरे वा गराएमा । | पच्चीस हजार रुपैयाँसम्म जरिबाना | आयोग/निर्वाचन अधिकृत/मतदान अधिकृत/अनुगमनकर्ता |
| ५. | ऐनको दफा ३६ विपरीत ऐन विपरीतको कार्य गर्ने उद्योग गरेमा वा त्यस्तो कसूर गर्न मद्दत वा दुरुत्साहन गरेमा (ऐनको दफा ३६) | कसूरदारलाई हुने सजायको आधा सजाय | सम्बन्धित कसूरमा सजाय गर्न अधिकार प्राप्त अधिकारी वा निकाय |

९. **उजुरी दिनु पर्ने** : (१) कसैले ऐन बमोजिमको कसूर ठहरिने कुनै कार्य गरेमा त्यस्तो कसूर भए गरेको देख्ने वा थाहा पाउने व्यक्तिले लिखित रुपमा आयोग, निर्वाचन अधिकृत, मतदान अधिकृत वा अनुगमनकर्ता समक्ष अनुसूची-१ बमोजिमको ढाँचामा लिखित उजूरी दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कसैको उजूरी परेमा आयोग, निर्वाचन अधिकृत, मतदान अधिकृत वा अनुगमनकर्ताले त्यस्तो उजूरी दर्ता गर्नु पर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुगमनकर्ता समक्ष प्राप्त हुन आएको उजूरी अनुगमनकर्ताले दर्ता गर्न सम्भव नभएमा त्यस्तो निवेदन सम्बन्धित निर्वाचन अधिकृत वा मतदान अधिकृतलाई दर्ता गर्न दिन सक्नेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अदालतबाट सुनुवाई हुने कसूरको हकमा प्रचलित कानून बमोजिम सम्बन्धित प्रहरी कार्यालयमा सूचना वा दरखास्त दिनु पर्नेछ ।

निर्वाचन आयोग, नेपाल

**१०. कारबाही प्रारम्भ गर्नुपर्ने** : (१) दफा ९ को उपदफा (१) बमोजिम उजूरी प्राप्त भएपछि आयोग, निर्वाचन अधिकृत, मतदान अधिकृत वा अनुगमनकर्ताले त्यस्तो उजूरी उपर तत्काल छानबिन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम उजुरीमा छानबिन गर्दा व्यहोरा मनासिब देखिएमा आयोग वा सम्बन्धित अधिकारीले सम्बन्धित कसूरदारलाई ऐन बमोजिम तत्काल जरिबाना गर्नु पर्नेछ ।

**११. तत्काल जरिबाना गर्दा अपनाउनु पर्ने कार्यविधि** : (१) ऐनको दफा ३७ बमोजिम जरिबाना गर्ने अधिकारीले तत्काल जरिबाना गर्दा देहाय बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ :-

(क) कसूरको आरोप लागेको व्यक्तिलाई सो आरोपका सम्बन्धमा आफ्नो भनाई पेश गर्न मौका दिने,

(ख) खण्ड (क) बमोजिम आरोप लागेको व्यक्तिले भनेको कुरालाई सम्बन्धित अधिकारीले लेखबद्ध गरी अभिलेख राख्ने,

(ग) जरिबाना गर्ने निर्णय गर्दा प्रचलित कानूनको उल्लङ्घन हुने गरी के कस्तो काम कारबाही वा कसूर भएको हो सो कुरा निर्णयमा खुलाउने,

(घ) जरिबाना गर्ने गरी भएको निर्णयको अभिलेख लिखितरुपमा राख्ने,

(ङ) खण्ड (ग) बमोजिम जरिबाना गर्ने गरी निर्णय गर्दा आफूले गरेको निर्णयमा चित्त नबुझेमा पैंतीस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न जानु भनी पुनरावेदनको म्याद दिने,

(च) खण्ड (ग) बमोजिमको निर्णयको जानकारी कसूरदारलाई तत्काल दिई निजबाट जरिबाना दाखिला गर्न लगाउने,

(छ) खण्ड (च) बमोजिम जरिबाना दाखिला गरेपछि त्यस्तो जरिबाना रकम बुझिलिई अनुसूची-२ बमोजिमको रसिद तत्काल सम्बन्धित व्यक्तिलाई दिने ।

(२) उपदफा (१) बमोजिम जरिबाना भएको व्यक्तिले त्यस्तो जरिबाना बुझाउन इन्कार गरेमा वा असमर्थता व्यक्त गरेमा जरिबाना गर्ने अधिकारीले जरिबाना वापतको रकम असूल नभएसम्म प्रचलित कानून बमोजिम कैद गर्न अनुसूची-३ बमोजिमको पत्र लेखी सम्बन्धित प्रहरी कार्यालयमा बुझाई दिनु पर्नेछ ।

**१२. विभागीय वा अन्य कारबाही** : (१) ऐन बमोजिम विभागीय कारबाही गर्नु पर्ने कर्मचारी वा सुरक्षाकर्मीलाई आयोग आफैंले विभागीय कारबाही गर्न वा अख्तियारवाला समक्ष विभागीय कारबाहीको लागि लेखी पठाउन सक्नेछ र विभागीय कारबाही नहुने पदाधिकारीको हकमा प्रचलित कानून बमोजिम कारबाही गर्न सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै कर्मचारी वा सुरक्षाकर्मीलाई आयोग आफैले विभागीय कारबाही गर्नु परेमा त्यस्तो कर्मचारीको सेवाको शर्त सम्बन्धी कानून बमोजिम अख्तियारवालाले पाए सरहको अधिकार प्रयोग गर्न सक्नेछ ।

(३) आयोगले उपदफा (१) बमोजिम कारबाही गर्न अख्तियारवाला वा सम्बन्धित निकायमा लेखी पठाउँदा त्यस्तो पदाधिकारी, कर्मचारी वा सुरक्षाकर्मीले गरेको कसूर र निजलाई प्रस्ताव गरिएको सजाय र त्यस्तो सजाय प्रस्ताव गर्नु पर्ने आधार र प्रमाण समेत संलग्न गरी पठाउनु पर्नेछ ।

निर्वाचन आयोग नेपाल

(४) उपदफा (१) बमोजिम कारबाही भएको वा कारबाहीको लागि सिफारिस भएको व्यक्तिलाई आयोगले निर्वाचन सम्बन्धी काम कारबाही गर्नबाट तत्काल रोक लगाई जिम्मेवारीबाट हटाउनु पर्नेछ ।

(५) उपदफा (१) बमोजिम कारबाहीको लागि सिफारिस भई आएमा अख्तियारवालाले त्यस्तो व्यक्तिलाई तीन महिनाभित्र कारबाही गरी त्यसको जानकारी आयोगलाई दिनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम कारबाही गरी त्यसको जानकारी आयोगलाई नगराउने अख्तियारवालालाई विभागीय कारबाही गर्न आयोगले नेपाल सरकारलाई लेखी पठाउनु पर्नेछ र यसरी लेखी पठाएको व्यहोरा सबैको जानकारीको लागि सार्वजनिक सञ्चार माध्यमबाट सार्वजनिक गर्नु पर्नेछ ।

१३. **पोष्टर पर्चा आदि जफत गर्ने** : (१) कुनै राजनीतिक दल, उम्मेदवार, निर्वाचन प्रतिनिधि वा अन्य कुनै व्यक्तिले ऐनको दफा २४ विपरीत पर्चा, पोष्टर, भित्ते लेखन, तुल, व्यानर डिजिटल डिस्प्ले प्रयोग गरे वा गराएमा आयोग, निर्वाचन अधिकृत वा अनुगमनकर्ताले सोही दफाको उपदफा (७) बमोजिम जरिबाना गरी त्यस्तो पर्चा, पोष्टर, भित्ते लेखन, तुल, व्यानर डिजिटल डिस्प्ले जफत गर्नु पर्नेछ । त्यस्तो पर्चा वा पोष्टर, भित्ते लेखन, तुल, व्यानर डिजिटल डिस्प्ले प्रयोग गरेको स्थानलाई दुरुस्त बनाई राख्न सम्बन्धित राजनीतिक दल, उम्मेदवार, निर्वाचन प्रतिनिधि वा सम्बन्धित व्यक्तिलाई आदेश दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दिएको आदेश पालना नगरेमा आदेश पालना नगर्नेलाई आयोग, निर्वाचन अधिकृत वा अनुगमनकर्ताले ऐनको दफा २४ को उपदफा (९) बमोजिम थप जरिबाना गरी त्यस्तो पर्चा, पोष्टर, भित्ते लेखन, तुल, व्यानर, डिजिटल डिस्प्ले प्रयोग गरेको स्थानलाई दुरुस्त बनाउन लागेको खर्च सम्बन्धित राजनीतिक दल, उम्मेदवार, निर्वाचन प्रतिनिधि वा व्यक्तिबाट असूल उपर गर्न सक्नेछ ।

१४. **सवारी साधन कब्जामा लिने** : (१) निर्वाचन प्रचार प्रसारको सिलसिलामा कुनै राजनीतिक दल, उम्मेदवार, निर्वाचन प्रतिनिधि वा अन्य कुनै व्यक्तिले ऐनको दफा २५ को उपदफा (१) विपरीत आयोगले तोकेको सङ्ख्याभन्दा बढी र आयोग वा निर्वाचन अधिकृतले अनुमति दिएको बाहेक अन्य सवारी साधन प्रयोग गरे वा गराएमा सो विषयमा जरिबाना गर्ने आयोग, निर्वाचन अधिकृत वा अनुगमनकर्ताले त्यस्तो सवारी साधन निर्वाचन अवधिभरको लागि आफ्नो कब्जामा लिनु पर्नेछ ।

(२) निर्वाचन प्रचार प्रसारको सिलसिलामा कुनै राजनीतिक दल, उम्मेदवार, निर्वाचन प्रतिनिधि वा अन्य कुनै व्यक्तिले ऐनको दफा २५ को उपदफा (२) विपरीत नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व भएको संस्था वा कुनै शिक्षण संस्था वा गैरसरकारी संस्थाको रहेछ भने त्यस्तो सवारी साधन प्रयोग गरे वा गराएमा सो विषयमा जरिबाना गर्ने आयोग, निर्वाचन अधिकृत वा अनुगमनकर्ताले त्यस्तो सवारी साधन निर्वाचन अवधिभरको लागि आफ्नो कब्जामा लिनु पर्नेछ ।

१५. **सरकारी कर्मचारी तथा सार्वजनिक सम्पत्ति प्रयोग गर्न रोक लगाउने** : निर्वाचनको प्रचार प्रसारको सिलसिलामा कुनै राजनीतिक दल, उम्मेदवार, निर्वाचन प्रतिनिधि वा सार्वजनिक पद धारण गरेको व्यक्ति वा अन्य कुनै व्यक्तिले ऐनको दफा २६ विपरीत हुने गरी सरकारी कर्मचारी तथा सार्वजनिक सम्पत्तिको प्रयोग गरे वा गराएमा मतदान अधिकृत, निर्वाचन अधिकृत वा अनुगमनकर्ताले सरकारी कर्मचारी तथा सार्वजनिक सम्पत्तिको प्रयोग गर्न वा

गराउनबाट रोक्न आदेश दिई त्यस्तो कार्य गर्ने राजनीतिक दल, उम्मेदवार वा व्यक्तिलाई कारबाहीको लागि आयोगमा लेखी पठाउनु पर्नेछ ।

१६. **रकम दाखिला गर्न आदेश दिने** : ऐनको दफा २७ को उपदफा (१) विपरीत राजनीतिक दल, उम्मेदवार वा निर्वाचन प्रतिनिधिले निर्वाचन प्रचार प्रसारमा सरकारी वा सार्वजनिक निकाय वा गैरसरकारी संघ संस्थाबाट कुनै प्रकारको अर्थिक सहयोग लिएमा आयोगले समय तोकी त्यस्तो रकम आयोगमा दाखिला गर्न आदेश दिनेछ र त्यस्तो रकम आयोगमा दाखिला नगर्ने राजनीतिक दल, उम्मेदवार वा व्यक्तिबाट आयोगले त्यस्तो रकम सरकारी बाँकी सरह असूल उपर गरी त्यस्तो राजनीतिक दल, उम्मेदवार वा व्यक्तिलाई सोही बराबरको रकम जरिबाना गर्नेछ ।

१७. **उम्मेदवार हुन अयोग्य घोषित गर्न सक्ने** : ऐनको दफा ३० को उपदफा (१) विपरीत निर्वाचन प्रचार प्रसार अभियानमा निर्वाचन सम्बन्धी प्रचलित सङ्घीय कानून वा निर्वाचन आचार संहिताले निषेध गरेको काम कारबाही गर्न वा गराउनका लागि कुनै प्रकारले आर्थिक सहयोग लिने वा काम कारबाहीको लागि खर्च गर्ने वा गराउने उम्मेदवारलाई सोही दफाको उपदफा (२) बमोजिम गरिएको जरिबाना छ महिनासम्म नबुझाएमा त्यस्तो उम्मेदवारलाई आयोगले तत्कालै देखि लागू हुने गरी बढीमा छ वर्षसम्म कुनै पनि निर्वाचनमा उम्मेदवार हुन अयोग्य घोषित गर्न सक्नेछ ।

१८. **मतदान गरेको विषयमा नसोधिने** : ऐन वा अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि निर्वाचन कसूर सम्बन्धी कानूनी कारबाहीमा परेको कुनै व्यक्ति, निजको साक्षी वा अन्य कुनै व्यक्तिलाई निर्वाचनमा निजले कसलाई मत दिएको हो भनी सोध्नु हुँदैन ।

१९. **गिरफ्तार गर्ने प्रक्रिया** : (१) ऐनको दफा ५० बमोजिम आयोग, निर्वाचन अधिकृत, मतदान अधिकृत वा अनुगमनकर्ताले मतदान कार्यमा वा मतगणना कार्यमा वा निर्वाचनको अन्य कुनै कार्यमा बाधा पुऱ्याउने वा पुऱ्याउन उद्योग गर्ने वा मद्दत गर्ने वा त्यस्तो कार्य गर्न दुरुत्साहन गर्ने जुनसुकै व्यक्तिलाई त्यस्तो काम नगर्न र त्यस्तो स्थानबाट बाहिर जान आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आयोग, निर्वाचन अधिकृत, मतदान अधिकृत वा अनुगमनकर्ताले दिएको आदेश नमान्ने व्यक्तिलाई गिरफ्तार गर्न आयोग, निर्वाचन अधिकृत, मतदान अधिकृत वा अनुगमनकर्ताले सम्बन्धित सुरक्षाकर्मीलाई आदेश दिनु पर्नेछ । त्यसरी निर्वाचन अधिकृत, मतदान अधिकृत वा अनुगमनकर्ताले आफूले दिएको गिरफ्तारीको आदेशको जानकारी आयोगलाई दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम आयोग, निर्वाचन अधिकृत, मतदान अधिकृत वा अनुगमनकर्ताले दिएको आदेश सम्बन्धित सुरक्षाकर्मीले पालना गर्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम दिएको आदेश पालना नगर्ने सुरक्षाकर्मीलाई आयोगले विभागीय कारबाही गर्न सक्नेछ ।

(५) उपदफा (२) बमोजिम भएको गिरफ्तारी र उपदफा (४) बमोजिम गरिएको विभागीय कारबाहीको विवरण आयोगले सार्वजनिक गर्नु पर्नेछ ।

२०. **जरिबाना गरेको कुरा सार्वजनिक गर्नुपर्ने** : ऐन बमोजिम कुनै व्यक्तिलाई जरिबाना गर्दा सो व्यक्तिले गरेको कसूर तथा निजलाई गरिएको जरिबानाका सम्बन्धमा सर्वसाधारणको

जानकारीको लागि वेबसाइट वा अन्य कुनै सञ्चार माध्यमबाट सो व्यहोरा तत्काल सार्वजनिक गर्नु पर्नेछ ।

२१. **<u>सार्वजनिक गरेको मतपत्र छुट्टै खाममा राख्ने</u>** : कसैले मतपत्रमा सङ्केत गरी सकेपछि ऐनको दफा ९ को उपदफा (१) विपरीत त्यस्तो मतपत्र कसैलाई देखाए वा प्रदर्शन गरेमा वा गोप्य मत सङ्केत गर्ने स्थानमा मत सङ्केत नगरी सो भन्दा बाहिर गई मत सङ्केत गरेमा वा मत सङ्केत गरेको कुरा सार्वजनिक गरेमा सो मतपत्र मतपेटिकामा खसाली नसकेको भए मतदान अधिकृतले त्यस्तो मतपत्रलाई छुट्टै खाममा राखी सो खाममा सोही व्यहोरा उल्लेख गरी सिलबन्दी गरी मुचुल्का खडा गरी राख्नु पर्नेछ ।

२२. **<u>दोहोरो सजाय गर्न नहुने</u>** : (१) ऐन बमोजिम कुनै अधिकारीले एउटै कसूरमा कुनै व्यक्तिलाई एकपटक जरिवाना गरी सकेपछि सोही कसूर वापत अन्य अधिकारीले पुनः जरिबाना गर्न सक्ने छैन ।

(२) उपदफा (१) को प्रयोजनको लागि यस निर्देशिका बमोजिम जरिबाना गर्ने अधिकारीले त्यसरी जरिबाना गरेको व्यहोरा सो कसूरमा सजाय गर्न पाउने अन्य अधिकारी वा निकाय तथा आयोगलाई समेत जानकारी गराउनु पर्नेछ ।

२३. **<u>अभिलेख राख्नु पर्ने</u>** : ऐनको दफा ३७ बमोजिम जरिबाना गर्ने अधिकारीले यस निर्देशिका बमोजिम आफूले गरेको सजाय सम्बन्धी काम कारबाहीको विवरणको अद्यावधिक अभिलेख तयार गरी तत्काल आयोगमा पठाउनु पर्नेछ ।

निर्वाचन आयोग, नेपाल

अनुसूची-१
(दफा ९ को उपदफा (१) सँग सम्बन्धित)

**निर्वाचन कसूर सम्बन्धी उजूरीको ढाँचा**

श्री निर्वाचन आयोग/निर्वाचन अधिकृत/
मतदान अधिकृत/अनुगमनकर्ता/अनुगमन टोली

मिति ....................मा हुने/भएको प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य पदको निर्वाचनको सन्दर्भमा देहायको व्यक्ति/संस्था/राजनीतिक दलले निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ विपरीत देहायको काम गरेकोले सोको प्रमाण संलग्न गरी कारबाहीको लागि अनुरोध गर्दछु ।

१. कसूर गर्ने व्यक्ति/संस्था/राजनीतिक दलको पूरा नामः
२. ठेगानाः
३. कसूरको संक्षिप्त व्यहोरा :- ...............................
४. संलग्न प्रमाण :-...............................

**उजुरीकर्ताको,-**
सहीछाप :
नाम, थर :
मतदाता नम्बर :
स्थायी ठेगाना :
अस्थायी ठेगाना :
सम्पर्क ठेगाना :
सम्पर्क मोबाईल नं./फोन नं.:
मिति :

निर्वाचन आयोग, नेपाल

अनुसूची-२

(दफा ११ को उपदफा (१) को खण्ड (छ) सँग सम्बन्धित)

**जरिबाना बुझाएको रसिद**

प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्यको निर्वाचनको सन्दर्भमा ............................. बस्ने ....................................... लाई निर्वाचन सम्बन्धी कसूर गरे बापत निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा ३७ को उपदफा (१) बमोजिम निर्वाचन आयोग/निर्वाचन अधिकृत/मतदान अधिकृत/अनुगमनकर्ता/अनुगमन टोलीले रु. ....... (अक्षरेपी ..............) जरिबाना गरेकोमा निजले उक्त रकम मिति .................. मा बुझाएकोले यो रसिद दिइएको छ।

बुझाउनेको,-

सहीछाप :-

नाम, थर :-

मिति :-

बुझी लिनेको,-

सहीछाप :-

नाम, थर :-

पद :-

कार्यालय :-

मिति :-

निर्वाचन आयोग, नेपाल

## अनुसूची-३

(दफा ११ को उपदफा (२) सँग सम्बन्धित)

### जरिबाना नबुझाए बापत कैद गर्न लेख्ने पत्र

श्री ................... प्रहरी कार्यालय,

................................... ।

विषय : कैद गर्ने सम्बन्धमा ।

.............................. बस्ने ......................................... लाई निर्वाचन सम्बन्धी ................................................ कसूर गरे वापत निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा ३७ को उपदफा (१) बमोजिम निर्वाचन आयोग/निर्वाचन अधिकृत/मतदान अधिकृत/अनुगमनकर्ता/अनुगमन टोलीले रु. ................... (अक्षरेपी ...............................) जरिबाना गरेकोमा निजले उक्त जरिबाना रकम तिर्न इन्कार गर्नु भएको/असमर्थता व्यक्त गर्नु भएकोले सोही दफाको उपदफा (४) बमोजिम उक्त जरिबाना बापत प्रचलित कानून बमोजिम कैद गर्न त्यस कार्यालयमा पठाइएको व्यहोरा अनुरोध छ ।

सहीछाप : .........................................

नाम, थर : .......................................

दर्जा : ................................................

कार्यालय : ........................................

मिति : ..............................................

निर्वाचन आयोग नेपाल